# जिरी माध्यमिक विद्यालय

## JIRI SECONDARY SCHOOL

जिरी न.पा. -६, दोलखा, Jiri-6, Dolakha

स्था. २०१७ Estd-1960


प.सं. : ०८२/०८३

च.नं.

**विषय : गोलिया काठ लिलाम बिक्रीको सूचना !!!**

**प्रथम पटक सूचना प्रकाशन मितिः २०८३।०२।१०**

प्रस्तुत विषयमा यस जिरी माध्यमिक विद्यालयको नाममा दर्ता श्रेस्ता कायम भएको जग्गाबाट आ.व. २०८२।८३ मा कटान, मुछान भई उत्पादन भएको जिरी न.पा वडा नं-०७ स्थित नेपानेडाँडामा घाटगद्दी गरी राखेको तपसिल बमोजिमको लटहरुमा विभाजित निम्न परिमाणको गोलिया काठ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम विक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। वन नियमावली २०७९ को नियम (१२८) बमोजिम सूचिकृत भएका इच्छुक काठ दाउरामा आधारित उद्योगले यो सूचना दीक्षण राष्ट्रिय दैनिक मा पहिलो पटक प्रकाशित भएको मितिले हुने २१ औं दिन (मिति २०८३।०२।३० गते) कार्यालय समयभित्र शिलबन्दी बोलपत्र खरिद गरी २२ औं दिन (मिति २०८३।०२।३१ गते) सिलवन्दी बोलपत्र दाखिला गर्नुहुन आह्वान गरिन्छ ।

**तपसिल**

१। वन पैदावरको विवरण :

| लट नं | किसिम | जात | ग्रेड | थान | परिमाण | न्यनतम मुल्य | | संकलन खर्च प्रति क्युफिट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | प्रति इकाइ मुल्य | जम्मा मुल्य | | |
| १ | गोलिया काठ | उतिस | A | २ | १२.४४ | २०० | २,४८८/- | १२० | |
| | गोलिया काठ | उतिस | B | ३०५१ | ३८९६.२४ | १५० | ५,८४,४३६/- | | |
| २ | गोलिया काठ | उतिस | A | १६ | १०५.९६ | २०० | २१,१९२/- | | |
| | गोलिया काठ | उतिस | B | ३०२७ | ३८७५.०१ | १५० | ५,८१,२५१.५/- | | |
| | | जम्मा | | ६०९६ | ७८८९.६५ | | ११,८९,३६७.५/- | | |

२. बोलपत्र खरिद र दाखिला गर्ने अन्तिम मिति, समयः

क) खरिद गर्ने अन्तिम मिति र समयः २०८३।०२।३० गते (२१ औं दिन) कार्यालय समय भित्र ।

ख) दाखिला गर्ने अन्तिम मितिः २०८३।०२।३१(२२ औं दिन)

ग) दाखिला गर्ने अन्तिम समयः अपरान्ह १२ बजे।

घ) बोलपत्र दाखिला गर्ने अन्तिम मितिमा सार्वजनिक विदा परेमा विदाको भोलिपल्ट अपरान्ह १२ बजे भित्र बोलपत्र दाखिला गरिसक्नुपर्नेछ।

३. बोलपत्र फारम प्रति लटको रु. १०००।– पछि फिर्ता नहुने गरी तिरी जिरी न.पा.०६, हाँटडाडा स्थित यस जिरी माध्यमिक विद्यालयको कार्यालय जिरीबाट खरिद गरी दाखिला यस विद्यालयको कार्यालयमा गर्न सकिने छ ।

साथै कवोल गरेको रकमको १०% ले हुन आउने रकम यस जिरी माध्यमिक विद्यालयको प्राईम कमर्सियल बैंक जिरी शाखामा रहेको खाता नं. ००८०१०००००००००३००१६१ मा जम्मा गरेको सक्कल भौचर समावेश गर्नुपर्ने छ ।

४. लिलाम बढाबढ हुने वन पैदावार कार्यालय खुलेको समयभित्र जिरी न.पा-०७ स्थित नेपानेडाँडा घाटगद्दी स्थलमा गई हेर्न सकिने छ। काठ जे जस्तो अवस्थामा रहेको छ सोही अवस्थामा लिलाम बिक्री गरिने छ।

६. लिलाममा भाग लिन ईच्छुक कम्पनी वा फर्मका प्रोपराइटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि, आ.व. २०८१।०८२ को कर चुक्ताको प्रमाणपत्र र भ्याट दर्ता प्रमाणपत्रको प्रतिलिपि वा स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपि र उद्योग रहेको सम्बन्धित डिभिजन वन कार्यालयको उद्योगको सुचिदर्ताको प्रमाणपत्रको प्रतिलिपि बोलपत्रसाथ पेश गर्नुपर्ने छ ।

७. निर्धारित न्युनतम संख्या र रितपूर्वक पर्न आएका बोलपत्रहरु २२ औं दिन (सो दिन सार्वजनिक विदा परेकाले, सो दिनको भोलिपल्ट मिति २०८३।०३।०१ गते) अपरान्ह ३:०० बजे साक्षीहरुको रोहवरमा खोलिने छ ।

८. लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको १० (दश) दिन भित्र सकार गरेको रकम तथा निर्धारित मुल्य अभिवृद्धि कर, संकलन खर्च, प्रदेश र स्थानीय सेवा शुल्क समेतको रकम छुट्टाछुट्टै बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधिभित्र उठाई लैजानु पर्ने छ ।

९. वोलपत्रमा सकार गरिएको रकम अंक र अक्षर दुबैमा लेख्नुपर्ने छ। अङक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ । शर्त राखिएका बोलपत्रहरु स्वीकृत गरिनेछैन।

१०. बोलपत्र मान्य नहुने अवस्थाहरु

- खाम सिलबन्दी नभै प्राप्त हुन आएको बोलपत्र।
- सम्बन्धित विद्यालयको छाप लागि प्रमाणित नभएको वा फोटोकपी गरी पेश गरिएको बोलपत्र ।
- बोलपत्र खरिद गर्नेको नामबाट पेश नगरी अन्यको नामबाट पेश गरिएको बोलपत्र ।
- बोलपत्रदाताको हस्ताक्षर (फर्म, कम्पनी, उद्योगको हकमा छाप समेत) नभएको बोलपत्र ।
- सकार अंकको १० प्रतिशत धरौटी बापतको रकमको बैंक भौचर समावेश नभएको वा छ महिना भन्दा घटीको बैंक ग्यारेण्टी धरौटीको रुपमा पेश भएको बोलपत्र ।
- बोलपत्र आह्वानको सूचनामा तोकिएका अन्य सर्तहरु पूरा नभएको ।

११. बोलपत्र सदर वा वदर गर्ने सम्पूर्ण अधिकार यस जिरी माध्यमिक विद्यालयमा निहित रहने छ । थप जानकारीको लागि फोन नं. ९८५४०४५२३८ / ९८६१३३८७५५ मा सम्पर्क गर्न सक्नुहुने छ ।

प्रधानाध्यापक